नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

पत्र संख्या :
चलानी नं. :

मितिः २०८२/११/२५
नेपाल सम्वतः ११४५ सिल्लागा, नवमी

## वायु प्रदूषण न्यूनिकरणका लागि वातावरण विभागको अनुरोध

हालैका दिनहरुमा मौषमी प्रतिकुलताका कारण देशका विभिन्न भागमा वायु प्रदूषणको स्तर बढ्दै गइरहेको पाइएको छ। बिशेष गरी काठमाण्डौ, पोखरा लगायत देशका ठुला सहरहरुका अतिरिक्त तराईका अधिकांश स्थानमा $PM_{2.5}$ (मसिना कणहरु) को प्रदुषण बढेको पाइएको छ। त्यसमा पनि बिहान र बेलुकाको समयमा वायु प्रदुषण उच्च हुने गरेको छ। चिसोको कारण विभिन्न स्रोतबाट उत्सर्जन भएको प्रदुषण छरिएर जान नसक्ने तथा विगत लामो समय देखि बर्षा नभएको कारण पनि यो सिजनमा वायु प्रदुषण उच्च हुने गरेको छ। यसका साथै देशका केही स्थानमा वन डढेलोका घटनाहरु पनि शुरु हुन थालिसकेका छन जसले वायु प्रदुषण बढ्नमा भुमिका खेल्दछन। यसका अलावा उद्योग कलकारखानाहरु, सवारीका साधनहरु, फोहोर जलाउने क्रियाकलापहरु, बालीनालीका अवशेष जलाउने क्रियाकलापहरु, देश बाहिरबाट आउने प्रदूषण (Trans boundary pollution) आदी वायुप्रदूषणका प्रमुख स्रोतहरु रहिआएका छन। वायु प्रदुषणले तपाई हाम्रो स्वास्थ्यमा नकारात्मक असर पुर्याउँदछ। वायु प्रदूषणले बिशेष गरी बालबालिका, बृद्ध बृद्धा एवं दम खोकि जस्ता श्वास प्रश्वास सम्बन्धी रोगीहरुलाई बढी असर पार्न भएकोले उहाँहरुले बिशेष सावधानी अपनाउनु पर्दछ।

यसर्थ वातावरण विभाग वायु प्रदूषणका असरबाट जोगिन आम नागरिकहरुलाई सावधानी अपनाउनुहुन अनुरोध गर्दछ। विशेष गरी वायु प्रदुषण बढी भएको समयमा घर बाहिर निस्किदा मास्कको प्रयोग गर्न अनुरोध गरिन्छ। यसका साथै तपाई हाम्रै क्रियाकलापहरुका कारण वायु प्रदुषण बढ्ने भएकोले निम्न कुराहरुमा ध्यान दिन अनुरोध गरिन्छ।

- आफ्ना सवारी साधनको नियमित मर्मत संभार गर्ने।
- फोहोर तथा बाली नालीका अबशेषहरु नजलाउने र जलाउने प्रवृत्ति सबैको पहलमा रोक्ने
- वन जंगलमा डढेलो नलगाउने र लागि हालेमा तत्काल निभाउने प्रयास गर्ने।
- निर्माण गतिविधिहरु गर्दा धुलो धुवाँ नउड्ने व्यवस्था गर्ने।
- उद्योग कलकारखानाहरु संचालन गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु पुर्णरुपमा पालना गरी संचालन गर्ने।

वायु प्रदूषण न्यूनीकरणका लागि जिम्मेवार सबै निकाय र आम नागरिकको सहकार्य र सकारात्मक प्रयास भएमा मात्र प्रदुषण न्यूनिकरण गर्न सम्भव र सहज हुने भएकोले त्यसका लागि विभाग सबैमा अनुरोध गर्दछ।